७. **मूल नियमावलीमा नियम २६क. थप:** मूल नियमावलीको नियम २६ पछि देहायको नियम २६क. थपिएको छ:-

"२६क. **दरखास्त दिन अयोग्य हुने:** कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी दरखास्त दिएको पाइएमा निजलाई दुई वर्षसम्म छात्रवृत्तिको लागि हुने परीक्षामा दरखास्त दिन अयोग्य हुने गरी सूचीकृत गरिनेछ।"

८. **मूल नियमावलीको अनुसूचीमा संशोधन:** मूल नियमावलीको अनुसूची-५ र ७ को ठाउँ ठाउँमा रहेका "and Sports" भन्ने शब्दहरू झिकिएका छन्।

आज्ञाले,
सुरेश भान श्रेष्ठ
नेपाल सरकारको सचिव

## नेपाल सरकार

## ऊर्जा मन्त्रालयको सूचना

## बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेकोछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "आयोजना" भन्नाले बुढी गण्डकी जलाशययुक्त जलविद्युत आयोजना सम्झनु पर्छ ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले ऊर्जा मन्त्रालय सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति सम्झनु पर्छ ।

३. <u>समितिको गठन</u> : (१) जल विद्युतको विकास र विस्तार गरी विद्युत सेवा सर्वसुलभ तथा भरपर्दो बनाउन आयोजना निर्माण गर्ने प्रयोजनको लागि बुढी गण्ड़की जलविद्युत आयोजना विकास समिति नामको एक समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:-

(क) नेपाल सरकारले मनोनयन गरेको व्यक्ति - अध्यक्ष

(ख) मन्त्रालयको सहसचिव - सदस्य

(ग) सहसचिव, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(घ) सहसचिव, वन तथा भू-संरक्षण मन्त्रालय - सदस्य

(ङ) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(च) सहसचिव, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण - सदस्य

(ज) नेपाल सरकारले मनोनीत गरेको जलविद्युत क्षेत्रसँग सम्बन्धित विज्ञ एकजना - सदस्य

(झ) कार्यकारी निर्देशक - सदस्य–सचिव

(३) अध्यक्षको पदावधि तीन वर्षको हुनेछ र निज पुन: अर्को एक पटकका लागि मनोनयन हुन सक्नेछ ।

(४) इन्जिनियरिङ्ग (इलेक्ट्रीकल, हाइड्रोपावर, मेकानिकल, हाइड्रोलोजी, जियोलोजी), व्यवस्थापन, विकास प्रशासन, वातावरण वा कानूनमा कम्तीमा स्नातकोत्तर शैक्षिक योग्यता हासिल गरी जलविद्युत क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव प्राप्त व्यक्ति अध्यक्ष पदमा मनोनयनका लागि योग्य हुनेछ ।

(५) उपदफा (२) को खण्ड (ज) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(६) इन्जिनियरिङ्ग (इलेक्ट्रीकल, हाइड्रोपावर, सिभिल, मेकानिकल), व्यवस्थापन, वातावरण वा कानूनमा कम्तीमा स्नातक शैक्षिक योग्यता हासिल गरी जलविद्युत क्षेत्रमा कम्तीमा सात वर्षको कार्य अनुभव प्राप्त व्यक्ति उपदफा (२) को खण्ड (छ) बमोजिम नियुक्त हुने सदस्यको पदमा मनोनयनका लागि योग्य हुनेछ ।

(७) उपदफा (३) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष र उपदफा (२) को खण्ड (ज) बमोजिम मनोनीत सदस्यको काम सन्तोषजनक नभएमा नेपाल सरकारले निजहरुको पदावधि समाप्त हुनु अगावै निजहरुलाई पदबाट हटाउन सक्नेछ । त्यसरी पदबाट हटाउनु अघि निजहरुलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-



५२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) आयोजनाको सर्भेक्षण, अध्ययन, अन्वेषण, मूल्यांकन र अनुगमन गर्ने वा गराउने,

(ख) आयोजना आर्थिक तथा प्राविधिक रुपमा उपयुक्त देखिए आयोजनाको निर्माण तथा विकास कार्य गर्ने वा गराउने,

(ग) आयोजनाको विकास तथा निर्माणका लागि आयोजनाको विकास प्रकृयामा स्थानीय जनताको सक्रिय सहभागिता कायम गराउने तर्फ आवश्यक नीति, योजना तथा कार्यक्रम तयार गर्ने,

(घ) आयोजनाको निर्माणका लागि आवश्यकता अनुसार ठेक्का कार्यको व्यवस्थापन गर्ने,

(ङ) आयोजनाको निर्माण सुपरिवेक्षण, अनुगमन तथा व्यवस्थापनका लागि आवश्यकता अनुसार परामर्श सेवा लिने,

(च) आयोजनाको शीघ्र कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने वा गराउने,

(छ) विद्युत आयोजनाको लागि लगत इष्टिमेट स्वीकृत गर्ने,

(ज) विद्युत आयोजना कार्यान्वयनका लागि राष्ट्रिय तथा अन्तर ष्ट्रिय प्रतिष्पर्धाका आधारमा बोलपत्र आव्हान गर्ने प्रयोजनको लागि बोलपत्रको कागजात तयार गर्ने,

(झ) प्रचलित कानूनको अधीनमा रही बोलपत्र स्वीकृत गर्ने,

(ञ) आयोजनाको निरीक्षण गर्ने र निरीक्षण गर्दा देखिएका समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,

(ट) समितिको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र यसको कार्यान्वयन गर्ने वा गराउने,

(ठ) आयोजनाको कार्यान्वयन तथा संञ्चालनसंग सम्बद्ध तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

५. <u>समितिको बैठक सम्बन्धी कार्यविधि</u> : (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । समितिको बैठक बस्ने सूचना र बैठकको एजेण्डा बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगावै सदस्य-सचिवले सदस्यहरुलाई दिनु पर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरु उपस्थित भएमा समितिको बैठक सञ्चालनका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिले आवश्यकता अनुसार नेपाल सरकारको कुनै अधिकृत वा कुनै स्वदेशी वा विदेशी विशेषज्ञलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(७) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **कार्यकारी निर्देशक** : (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक जना कार्यकारी निर्देशक रहनेछ ।

(२) नेपाल सरकारले मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग वा व्यवस्थापन विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरी न्यूनतम सात वर्षको कार्य अनुभव भएको व्यक्तिलाई समितिको कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको योग्यता हासिल गरेको व्यक्ति कार्यकारी निर्देशकको पदका लागि योग्य हुनेछ र कार्यकारी निर्देशकको छनौट तथा सिफारिसका लागि सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा कार्य सञ्चालन) आदेश, २०६८ बमोजिम गठित सार्वजनिक संस्थान निर्देशन बोर्ड समक्ष अनुरोध गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कार्यकारी निर्देशक नियुक्त नभएसम्म मन्त्रालयले निजामती सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदको कुनै अधिकृतलाई कार्यकारी निर्देशकको रुपमा काम गर्न तोक्न सक्नेछ ।

(५) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजलाई पुनः एक अवधिका लागि नियुक्त गर्न सकिनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको कार्य सन्तोषजनक नभएमा समितिको सिफारिसमा नेपाल सरकारले निजको पदावधि समाप्त हुनु अगावै निजलाई पदबाट हटाउन सक्नेछ । त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(७) उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

७. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u> : कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ख) समितिको योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) समितिको दैनिक आर्थिक तथा प्रशासनिक कार्य सञ्चालन, रेखदेख, सुपरिवेक्षण तथा निरीक्षण गर्ने,

(घ) आयोजनाको कार्यान्वयन तथा सञ्चालनसंग सम्बद्ध कार्यको निरीक्षण, अनुगमन गर्ने र त्यसको प्रगति विवरण समिति समक्ष पेश गर्ने,

(ङ) समितिले सञ्चालन गरेका कार्यक्रमहरुको वार्षिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) समितिको तर्फबाट आयोजना कार्यान्वयनका लागि नियुक्त ठेकेदार, परामर्शदाता तथा आयोजनासँग सम्बद्ध सरोकारवाला बीच समन्वय गर्ने,

(छ) समितिले तोकिदिए बमोजिमका कार्य गर्ने वा गराउने,

(ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

८. **कर्मचारी सम्बन्धी व्यवस्था** : (१) समितिको कार्य सञ्चालनको लागि समितिमा आवश्यक सङ्ख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) को प्रयोजनको लागि समितिले नेपाल सरकार को पूर्व स्वीकृति लिई आवश्यकता अनुसार करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम करारमा नियुक्त कर्मचारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सोही करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) समितिको अनुरोधमा मन्त्रालयले आवश्यकता अनुसार कर्मचारीहरु समितिमा काम गर्न काजमा खटाउन सक्नेछ । त्यसरी काजमा खटाउँदा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका संगठित संस्थाका कर्मचारीहरु समेत खटाउन सकिनेछ ।

(५) उपदफा (४) बमोजिम काजमा खटिएका कर्मचारीले समितिले तोके बमोजिमको सुविधा पाउने छन् ।

९. **समितिको कोष** : (१) समितिको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ग) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) समितिले उपदफा (१) बमोजिमको कोषमा रहने रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम वित्तीय कारोबार गर्न स्थापना भएको "क" वर्गको इजाजत प्राप्त कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(५) समितिको नामबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) उपदफा (१) बमोजिमको कोषको सञ्चालन कार्यकारी निर्देशक र समितिको लेखा सम्बन्धी काम गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

१०. **समितिको लेखा र लेखा परीक्षण** : (१) समितिको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(३) मन्त्रालयले चाहेमा जुनसुकै वखत समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी वा जिन्सी जाँच्न वा जँचाउन सक्नेछ ।

११. **उपसमिति गठन गर्न सक्ने** : (१) समितिले आफ्नो कार्य सञ्चालनका लागि आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपसमितिमा आवश्यकतानुसार स्थानीय जनताहरुको प्रतिनिधि समेत रहनेछ ।

(३) उपदफा (१) बमोजिमको उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्याविधि त्यस्तो उपसमिति गठन हुँदाका बखत समितिले तोके बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. **बैठक भत्ता तथा अन्य सुविधा** : (१) समिति तथा दफा ११ बमोजिम गठित उपसमितिको सदस्यले पाउने बैठक भत्ता तथा अन्य सुविधा समितिले तोके बमोजिम हुनेछ ।

(२) समितिले उपदफा (१) बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा तोक्नु अघि अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

१३. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने** : समितिले प्रत्येक वर्ष आफूले गरेको काम कारबाहीको विवरण सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

१४. **अधिकार प्रत्यायोजन** : (१) समितिले यो आदेश वा यस आदेश अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकतानुसार केही अधिकार सदस्य, दफा ११ बमोजिम गठित उपसमिति, कार्यकारी निर्देशक वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. **समितिको कार्यालय** : समितिको कार्यालय काठमाडौ उपत्यकामा रहनेछ ।

१६. **नेपाल सरकारसँग सम्पर्क** : समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१७. **निर्देशन दिन सक्ने** : नेपाल सरकारले समितिबाट गरिने काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१८. **नियमहरु बनाउन सक्ने** : (१) समितिले यस आदेशको कार्यान्वयन गर्न आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको नियमहरु मन्त्रालयबाट स्वीकृत भए पछि लागू हुनेछ ।

**आज्ञाले,**

**हरिराम कोइराला**

**नेपाल सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।